# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## एकीकृत घुम्ती शिविर संचालन हुने सम्बन्धी सूचना !

**(सूचना नं. ९३/२०८२-०८३, मितिः २०८३/०२/२५)**

यस जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सुविधाहरूलाई नागरिकको पहुँचमा थप सहज, सरल, प्रभावकारी तथा गुणस्तरीय रूपमा पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको मिति, समय र स्थानमा एकीकृत घुम्ती शिविर सञ्चालन गरिने भएकोले सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राही महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | मिति | स्थान | समय |
|---|---|---|---|
| १ | २०८३/०२/२७ | जोरायल गा.पा.-०५, खहडा | विहान ११:०० देखी दिउँसो ४:०० बजेसम्म |

**एकीकृत घुम्ती शिविर मार्फत प्रदान गरिने सेवाहरुः**

- मानव स्वास्थ्य परीक्षण, उपचार तथा स्वास्थ्य परामर्श सेवा
- तरकारी बीउविजन वितरण, बाली संरक्षण तथा कृषि प्राविधिक परामर्श सेवा
- पशु स्वास्थ्य परीक्षण, उपचार तथा पशुपालन सम्बन्धी प्राविधिक परामर्श सेवा
- आयुर्वेदिक स्वास्थ्य परीक्षण, उपचार तथा परामर्श सेवा
- आँखा जाँच, सामान्य आँखा समस्या पहिचान तथा परामर्श सेवा
- अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण सेवा
- जेष्ठ नागरिक परिचयपत्र वितरण सेवा
- योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी सहजीकरण तथा परामर्श सेवा

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**नोटः**

**उल्लेखित मिति, समय तथा स्थानमा उपस्थित भई एकीकृत घुम्ती शिविरमार्फत उपलब्ध गराइने सेवाहरूबाट लाभान्वित हुन सम्बन्धित वडावासी, सेवाग्राही तथा आम नागरिकहरूमा हार्दिक अनुरोध गरिन्छ।**